अनुसूची-२

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

बर्दिबास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:-८ संख्या:-२५ मिति:-२०८२/१०/१५

भाग-२

बर्दिबास नगरपालिका

# निजी जग्गाको ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धीकार्यविधि २०८२

**प्रस्तावनाः**

बर्दिवास नगरपालिका क्षेत्र भित्रको निजि जग्गाहरुबाटउत्खनन हुने ढुंगा, गिट्टी, वालुवा, माटो संकलन तथा ढुवानी कार्यलाई नियमन तथा व्यवस्थित गर्न बान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा११ को खण्ड (ज) ले दिएको अधिकार प्रयोग गरी बर्दिबास नगरपालिकाले यो कार्यविधि बनाईलागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **निजी जग्गाको ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धीकार्यविधि** २०८२ रहेको छ।

(२) यो कार्यविधि नगरसभाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “प्रमुख” भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख सम्झनुपर्दछ।

ख) “उप प्रमुख” भन्नाले बर्दिवास नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

घ) “कार्यपालिका” भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

ङ) “नगरपालिका” भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ।

च) “निजी जग्गा” भन्नाले कुनै व्यक्तिको हक भोगको जग्गा धनि दर्ता प्रमाण पुर्जा प्राप्त जग्गा सम्झनु पर्दछ।

छ) “इजाजत पत्र” भन्नाले यस कार्यविधि बमोजिम तोकिएको कार्य गर्न प्राप्त इजाजत पत्र सम्झनु पर्दछ।

ज) “शुल्क वा दस्तुर” भन्नाले नगरपालिकामा बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्दछ।

**३.निजी जग्गा व्यवस्थापनः**यस कार्यविधि अनुसार बर्दिबास नगरपालिका क्षेत्र भित्र रहेका निजी जग्गाहरु आवास,कृषि बा गैर कृषि, व्यावसायिक वा गैर व्यावसायिक तथा अन्य प्रयोजनका लागि खन्ने, सम्याउने, मिलाउने,पुर्ने वाचक्लाबन्दी गर्ने समेतको कार्य निजी जग्गा व्यवस्थापन हो।

**४.इजाजत नलिई जग्गा व्यवस्थापन गर्न नहुनेः**यस कार्यविधि बमोजिम इजाजत पत्र नलिई नगरपालिका क्षेत्र भित्र निजीजग्गा व्यवस्थापनकोनाममा खनिज, माटो ढुंगा, गिट्टी, बालुवा आदि उत्खनन, संकलन ओसार पसार तथा विक्री वितरण गर्नु हुँदैन। यस दफा विपरीत इजाजत नलिई निजी जग्गा व्यवस्थापन गरेमा यसै कार्यविधि बमोजिम दण्ड जरिवाना गरिने छ।

**५.इजाजत पत्रको लागि निवेदन दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम निजी जग्गा व्यवस्थापन गर्न प्रयोजन खुलाई नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(२) निवेदन दिँदा देहाएका कागजात संलग्न गर्नु पर्नेछः

क) जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि,

ख) नेपाली नागरिकताको प्रतिलिपि,

ग) सम्बन्धित वडाबाट प्रयोजन सहित चौकिल्ला खुलेको सिफारिस पत्र,

घ) मालपोत तिरेको रसिदको प्रतिलिपि,

ङ) सधियारहरुको सहमति सहितको सर्जमिन मुचुल्का (चार किल्ला समेतको),

च) जग्गाको कित्ता नम्बर खुलेको नाप नक्साको प्रतिलिपि,

छ) नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन,

ज) जग्गा व्यवस्थापन गरे पश्चात देखिने जग्गाको स्वरूपको प्रस्तावित नक्सा,

**६. अनुमति लिनुपर्नेः** (१) यस कार्यविधि बमोजिमनिजी जग्गा व्यवस्थापन गर्दा संकलन भएको ढुंगा, गिट्टी, वालुवा, माटो आदि ओसारपसार वाढुवानी गर्दा देहायका कागजात संलग्न गरी नगरपालिकाबाट अनुमति लिनुपर्नेछ।

क) ढुवानी गर्ने व्यवसायीको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख) सम्बन्धित जग्गाधनीसँग ढुवानी सम्झौता गरेको सम्झौतापत्र,

ग) भ्याट वा प्यान दर्ता प्रमाण पत्र,

घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र,

ङ) ढुवानी गर्ने व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

च) प्रयोग गरिने सवारी साधनको विवरण,

छ) नगरपालिकाले माग गरेको अन्य कागजातहरु।

**७. प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्नेः** यस कार्यविधि बमोजिम निजी जग्गा व्यवस्थापन गर्न प्रचलित कानुनबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरि नगरपालिकामा पेश गर्नुपर्नेछ। प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी अन्य व्यवस्था बर्दिवास नगरपालिकाको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरण परीक्षण कार्यविधि २०७७ बमोजिम हुनेछ।

**८. इजाजत पत्र दिन सकिनेः** (१) दफा ५ बमोजिम निवेदन प्राप्त भएपछि देहायबमोजिमको प्रक्रिया पुरा स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछः

क) निवेदन उपर छानबिन गर्ने,

ख) उत्खनन् हुने परिमाण र ओसार पसार हुने परिमाण एकिन गर्ने,

ग) राजश्व बुझ्ने,

घ) राजश्व दाखिला भई सकेपछि उत्खनन् गर्ने यान्त्रिक उपकरणको विवरण र ओसार पसारमा संलग्न गरिने सवारी साधनको विवरण लिई उत्खनन् तथा ओसार पसार गर्न लाग्ने अवधि

एकिन गर्ने।

(२) उपदफा (१) को आधारमा कार्यपालिकाले अवधि तोकी सम्बन्धित जग्गाधनिलाई निजी जग्गा व्यवस्थापन गर्न इजाजत दिन सक्नेछ।

<u>**९.म्याद थप गर्न सकिने:**</u>कुनै मुनासिब कारण देखाई म्याद थपका लागि अनुरोध भएमा कार्य सम्पादनको प्राविधिक प्रतिवेदन र वडा कार्यालयको सिफारिसको आधारमाएक पटकको लागि कार्यपालिकाले म्याद थप गर्न सक्नेछ।

<u>**१०.विवरण हेरफेर गर्न सकिने:**</u>अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण तथा सवारी साधनको विवरण उचित कारण सहित हेरफेर गर्न माग भएमा कार्यालयले हेरफेर गर्न सक्नेछ।

<u>**११.उत्खननका लागि शर्त तथा मापदण्डहरुः**</u> उत्खनन् गर्दा देहाय बमोजिमका शर्त तथा मापदण्डहरु पालना गर्नु पर्नेछः

क) उत्खनन् अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण र सवारी साधनको मात्र प्रयोग गर्नु पर्नेछ,

ख) माछा पोखरी निर्माणको हकमा बढीमा ६ फिटसम्म गहिराईमा उत्खनन् गर्नु पर्नेछ,

ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन् गर्नु पर्नेछ,

घ) डाँडा खाला मिलाई खेतियोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उँचा भागलाई हटाउने सम्मको परिमाण सम्म उत्खनन् गर्नु पर्नेछ,

ङ) जग्गा व्यवस्थापन गर्दा संकलन हुने ढुंगा, गिट्टी, बालुवा, माटो आदि भण्डारण गर्नु परेमानिजी जग्गामा भण्डारण गर्नु पर्नेछ। सार्वजनिक, सरकारी वा ऐलानी, पर्ती जग्गामा भण्डारणगरेको पाइएमा नगरपालिकाले जफत गरि लिलाम गर्न सक्नेछ,

च) निजी जग्गाको चौकिल्ला मध्ये कुनै किल्लामा सरकारी सार्वजनिक जमिन रहेछ भने त्यस्तो जग्गालाई उत्खननको लागि अनुमति दिईने छैन,

छ) उत्खनन् गरिने जग्गामा डाले घाँस प्रजातिका बाहेक अन्य साल, सिसौ, खयर, आदि प्रजातिकाविरुवा पर्ने भएमा वनसँग सम्बन्धित प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ,

ज) औचित्य विहिन ढंगले अनावश्यक खाल्टो खनिने गरी सम्म जग्गामा उत्खनन् गर्न अनुमति दिईने छैन।

<u>**१२.इजाजतको अवधि:**</u>निजी जग्गा व्यवस्थापन गर्न एक आर्थिक बर्षको अवधि प्रदान गरिनेछ। तर असार १ गते देखिभदौ मसान्त सम्म निजी जग्गा व्यवस्थापन सम्वन्धी कुनै पनि कार्य गर्न पाइने छैन।

<u>**१३.शुल्क वा दस्तुर:**</u>शुल्क वा दस्तुर मधेश प्रदेश सरकार वा नगरसभाले तोके बमोजिम हुनेछ। प्रदेश सरकार वा नगरसभाले नतोकेको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**<u>१४.रोक लगाउन सकिने:</u>**नगरपालिकाबाट अनुगमन निरीक्षण गर्दा वा उजुरीको छानबिन गर्दा यस कार्यविधिको उल्लंघन भएको पाइएमा नगरपालिकाले तत्काल उत्खनन तथा ढुवानी कार्यमा रोक लगाउन सक्नेछ र यसै कार्यविधि बमोजिम दण्ड, जरिवाना गर्न सक्नेछ।

**<u>१५.इजाजत पत्र रद्ध गर्न सकिने:</u>**तोकिएको शर्त पालना नगरेमा, समय सीमा भित्र कार्य प्रारम्भ र सम्पन्न नगरेमा तथा यस कार्यविधि बमोजिम कार्य नगरेमाइजाजत पत्र रद्ध गर्न सकिनेछ।

**<u>१६.शर्तहरुको पालना:</u>**इजाजत पत्र प्राप्त व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयबाट तयार गरी तोकीदिएको शर्तहरु अनिवार्य पालन गर्नुपर्नेछ।

**<u>१७.दण्ड जरिवाना:</u>**इजाजत पत्र प्राप्त व्यक्ति वा संस्थाले यस कार्यविधि विपरीतकार्य गरेको खण्डमा शुल्क वा दस्तुरलाई आधार मानी विगो कायम गरिनेछ।विगो बराबरको रकममा त्यति नै अंक थप गरी कार्यालयले जरिवाना गर्न सक्नेछ।सवारी साधनको हकमा बर्दिबास नगरपालिकाको आर्थिक ऐन बमोजिम जरीवानाहुनेछ।

**<u>१८.अनुगमन तथा निरीक्षण:</u>**नगरपालिकाको प्रमुख, उपप्रमुख, सम्वन्धित वडाको वडा अध्यक्ष, प्रमुख प्रशासकीयअधिकृत वा कार्यालयले खटाएको कर्मचारी तथा प्रहरी प्रशासनलेजुनसुकै बखत अनुगमन गर्न सक्नेछ। अनुगमन गर्दा यस कार्यविधि विपरीत कार्यगरेको पाइएमा तत्काल कार्य रोक्का गरी कारवाहीको लागि सिफारिस गर्न सक्नेछ।

**<u>१९.व्याख्या:</u>**(१)यस कार्यविधिको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ।कार्यविधिको कुनै प्रावधानहरुसंविधान, सङ्घीय सरकार तथा प्रदेश सरकारका कानूनसँगबाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

(२)यस कार्यविधिमा कुनै विषयमा दुविधा भएमा वा कुनै विषय छुटेको खण्डमा कार्यपालिकाले यस कार्यविधिसँग सम्बन्धित संघ र मधेश प्रदेश सरकारको प्रचलित कानून बमोजिम आवश्यक निर्णय गर्न सकिनेछ।

**<u>२०.संशोधन:</u>**(१) कार्यपालिकाले यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

आज्ञाले,
राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बुद्धभूमि राजपत्र